नेपाल सरकार
गृह मन्त्रालय
फोन नं. ०७९-५२०१३३ प्र.जि.अ.
फोन नं. ०७९-५२०२४२/५२०८३३
फ्याक्स नं.०७९-५२०२८४
daogulmi2046@gmail.com
**noticeboard 1618079520833**
daogulmi.moha.gov.np
facebook.com/daogulmi

# जिल्ला प्रशासन कार्यालय

तम्घास, गुल्मी

## जिल्ला प्रशासन कार्यालय, गुल्मीको जरुरी सूचना ।

नजिकिदै गरेको तिहार, किजा पूजा, नेपाल सम्वत, छठ, हरिवोधनी एकादशी लगायतका चाडपर्वहरुको पावन अवसरमा सम्पूर्ण जिल्लावासीहरुमा जिल्ला प्रशासन कार्यालय, गुल्मी हार्दिक शुभकामना व्यक्त गर्दछ ।

हाल जिल्लाभर कोभिड-१९ सङ्क्रमणको दर बढ्दै गईरहेको र सक्रिय केसको संख्या ६५ पुगेको अवस्थालाई मध्यनजर गर्दै चाडपर्वको समयमा मानिसहरुको आवतजावत र चहलपहल बढ्न जाँदा सङ्क्रमण झनै फैलन सक्ने भएकोले देहायबमोजिम गर्नु/गराउनु हुन सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

१. घर बाहिर निस्कदा अनिवार्य मास्कको प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने, नियमित साबुनपानी/स्यानीटाइजरले हात धुने, व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

२. घरपरिवारका सदस्यहरुसँग बसी, जो जहाँ छ त्यही रही चाडपर्व मनाउने ।

३. सार्वजनिक निकाय तथा निजी संघ संस्थाबाट सेवा प्रदान गर्दा/सेवा प्राप्त गर्दा, पेशा, पसल व्यवसाय सञ्चालन गर्दा स्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्डको अनिवार्य पालना गर्ने ।

४. मठमन्दिर, गुम्बा, चर्च, मस्जिद, गुरुद्वारा लगायतका धार्मिक र सांस्कृतिक महत्वका स्थानहरुमा हुने नित्यपूजा/आराधना बाहेक समूहमा गरिने भजन, किर्तन लगायतका गतिविधी नगर्ने/नगराउने साथै मानिसहरु भेला भई गरिने अन्य मेला, जात्रा, समूहमा खेलिने खेल, सभा, समारोह, जमघट जस्ता क्रियाकलाप नगर्ने/नगराउने ।

५. मादकपदार्थको सेवन गरि होहल्ला गर्ने, शान्ति सुरक्षामा खलल पुर्याउने खालका गतिविधि नगर्ने/नगराउने ।

६. आतिसबाजी, पटका, झिरझिरे, भुइचप्पा लगायतका विष्फोटकजन्य पदार्थहरुको ओसारपसार, विक्री वितरण एवं प्रयोग नगर्ने/नगराउने ।

७. दियो, मैनबत्ती, पाला एवं विद्युतीय उपकरणहरु बाली दिपावली मनाउँदा आगलागी जस्ता विपद्का घटनाहरु हुन नदिन सतर्कता अपनाउने।

८. तिहारको समयमा समूहमा खेलिने देउसी भैलो जस्ता नाचगान नगर्ने/नगराउने ।

९. जुवातास नखेल्ने/नखेलाउने, आफ्नो टोल छिमेककमा कहि कतै जुवातास खेले/खेलाएको थाहा लागेमा तत्कालै नजिकैको स्थानीय प्रहरी कार्यालय/चौकीलाई जानकारी गराउने ।

१०. विद्यालय सिकाइ सहजीकरण निर्देशिका, २०७७ बमोजिम वैकल्पिक सिकाइका माध्यमबाट विद्यालयहरु सञ्चालन गर्ने।

११. सार्वजनिक यातायात सञ्चालन गर्दा स्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्डको पालना गरेर सिट क्षमता भन्दा बढी यात्रु नरहने गरी मात्र सञ्चालन गर्ने ।

१२. कोभिड-१९सङ्क्रमणको कुनै लक्षण देखिएमा नजिकको अस्पताल/स्वास्थ्य चौकीमा सम्पर्क गरी स्वास्थ्यकर्मीको सल्लाहबमोजिम गर्ने ।

सूचनामा उल्लेखित विषयवस्तुको अवज्ञा गर्ने/गराउने जोसुकैलाई संक्रामक रोग ऐन, २०२० तथा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराइन्छ ।

मिति: २०७७/०७/२७

भरतकुमार शर्मा
प्रमुख जिल्ला अधिकारी